बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमैया, सर्लाही
मधेस प्रदेश, नेपाल
(२०७३)

☎ ०४६-४१०००८
०४६-४१०००९

पत्र सङ्ख्या:-
चलानी नं.:-

मिति २०८३/०१/१७

## स्वच्छ चुलो कार्यक्रमको माग संकलन फारम भर्ने सम्बन्धी सूचना।

प्रस्तुत बिषयमा तराईमा खाना पकाउन प्रयोग भइरहेको परम्परागत ऊर्जा(गुईठ्ठा, दाउरा, कृषिजन्य अवशेष) तथा आयातित इन्धनहरु (एल.पि.जि.,मट्टीतेल) को खपतलाई न्यूनिकरण गर्न आधुनिक तथा स्वच्छ चुलो (विधुतीय चुलो, तह-३ को सुधारिएको चुलो र घरायसी बायोग्यास) को प्रवर्द्धन गर्ने लक्ष्य अनुरुप बागमती नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रवीच हरित जलवायु कोषको सहयोगमा संचालित स्वच्छ चुलो कार्यक्रम (CGS)चालु आ.ब.२०८२/०८३ का लागि भएको सम्झौता अनुसार स्वच्छ खाना पकाउने प्रविधिहरु ४ घ.मी.को घरायसी बायोग्यास (GGC),विधुतीय चुलो (ECS) र तीन तहको सुधारिएको चुलो (ICS Tier 3+) जडान गर्न इच्छुक लाभग्राहीहरुले यस नगरपालिका अन्तर्गत सबै वडा कार्यालयबाट लागत साझेदारी प्रतिवद्धता सहितको माग संकलन फारम भरी बुझाउनु पर्ने भएको हुँदा उल्लेखित प्रविधि मध्ये कुनै एक प्रविधि जडान गर्न इच्छुक नागरिकले सूचना प्रकाशन भएको मितिले २१(एक्काइस) दिन भित्र घरमुलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी माग संकलन फारम भरि सम्बन्धित वडा कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**न्यूनतम शर्तहरु :**

**क) ४ घ.मी.को घरायसी बायोग्यास (GGC) को लागि :**

१ . बायोग्यास निर्माणका लागि प्रति इकाईको कुल लागतबाट नगरपालिकाको १० प्रतिशत र बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट ७६.३४ प्रतिशत रहेको हुँदा उपभोक्ताबाट कामदार तथा निर्माण सामग्रीहरु मध्ये ढुंगा, गिट्टी र बालुवा व्यहोर्ने प्रतिवद्धता वा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट तोकिएको १३.६६ प्रतिशत उपभोक्ता लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता।

२. बायोग्यास उत्पादनका लागि आवश्यक न्यूनतम संख्यामा गाईबस्तु तथा प्लान्ट जडान गर्न आवश्यक जमिन उपलब्ध भएको प्रतिवद्धता।

३. निर्माण हुने जग्गाको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि।

**ख) विधुतीय चुलो (ECS) को लागि :**

१ . विधुतीय चुलोको प्रति इकाईको कुल लागतको नगरपालिकाले व्यहोर्ने १९.०९ प्रतिशत र बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट व्यहोर्ने ५७.९७ प्रतिशत रहेको हुँदा उपभोक्ता लागत २२.९४ प्रतिशतको सहभागिता व्यहोर्ने प्रतिवद्धता।

१/१६
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेस प्रदेश, नेपाल
( २०७३ )

०४६-४१०००८
०४६-४१०००९


पत्र संख्याः-

चलानी नं.:-

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया सर्लाही मधेश प्रदेश, नेपाल २०७३

२. कम्तीमा १५ एम्पियरको विधुत मिटर जडान भएको वा १५ एम्पियरमा स्तरोन्नति गर्ने प्रतिवद्धता।

**ग) तीन तहको सुधारिएको चुलो (ICS Tier 3+) को लागि :**

१ . सुधारिएको चुलोको लागत मध्ये नगरपालिकाले व्यहोर्ने १५ प्रतिशत र बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट व्यहोर्ने ८० प्रतिशत रहेको हुँदा उपभोक्ता लागत ५ प्रतिशतको सहभागिता व्यहोर्ने प्रतिवद्धता।

२. ठोस बायोग्यास (दाउरा) उपलब्ध हुने वा खरिद गर्ने प्रतिवद्धता।

**पुनश्च :**

माग फारम संकलन भए पश्चात लाभग्राहीहरु छनोट गर्दा महिला घरमुली भएको परिवार,एकल महिला भएको घर/परिवार,विधवा सदस्य भएको घर परिवार आदिवासी वा सामाजिक रुपमा पछाडी पारिएका समूहमा पर्ने परिवार, अपाङ्गता व्यक्ति सदस्य भएको वा आर्थिक रुपमा विपन्न परिवार तथा यस अघि नगरपालि तथा वडाबाट बैकल्पिक ऊर्जा प्रविधि जडान नगरेका परिवारलाई प्राथमिकता दिई लाभग्राहीहरु छनोट गरिने छ। अन्यत्र जिल्लाबाट जारी गरिएको नागरिकताको हकमा बागमती नगरपालिका भित्र स्थाई बसोबास खुल्ने कागजात समेत पेश गर्नु पर्नेछ।

७।१८

.................................

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत


राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत





CamScanner